म.जि. प्र. का. द.नं. : १०६/०६८,  वर्ष १२,  अंक ६    शुक्रबार २० साउन २०७९    ने. सं. ११४२ गुँलाथ्व    5 August, 2022    www.sajhakuranews.com    पृष्ठ संख्या ४    मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**

# हेटौंडा सिमेन्टको उत्पादन रोकियो, कर्मचारीले दिए अल्टिमेटम

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ सरकारी स्वामित्वको हेटौंटा सिमेन्ट उद्योगको उत्पादन बन्द भएको छ । कच्चा पदार्थ अभाव र ढुंगा धुलो पकाउने मेसिन (किल्न) बिग्रिएर सिमेन्ट उत्पादन रोकिएको हो ।

विगत चार वर्षदेखि घाटामा चल्दै आएको हेटौंडा सिमेन्ट उद्योग विगत २० दिनदेखि बन्द रहँदै आएको जनाइएको छ । उद्योगले कोइला आयात गर्न नसक्दा उत्पादन बन्द गर्नु परेको हो । उद्योगका महाप्रबन्धक बसन्त पाण्डेले कच्चा पदार्थ अभाव भएको र मेसिन मर्मत भइरहेकाले उद्योगको उत्पादन हुन नसकेको बताए । उनका अनुसार उद्योग पटक-पटक बन्द भइरहेको छ ।

४० वर्ष पुरानो टेक्नोलोजी र पुराना मेसिनरीका कारण मेसिनहरु बिग्रिरहने समस्याले उद्योगको नियमित उत्पादन हुन नसकेको पाण्डेले बताए । पाण्डे ३ महिनाअघि मात्रै उद्योगको महाप्रबन्धकका रुपमा आएका थिए । उनले आफू आएदेखि नै उद्योग पटक-पटक बन्द भइरहेको बताए ।

हेटौंडा सिमेन्टलाई समेन्ट उत्पादन गर्ने देशभरका उद्योगमध्ये सबैभन्दा बढी गुणस्तरीय र विश्वासिलो मानिन्छ । गुडबिलले मात्रै टिकेको हेटौंडा सिमेन्ट बन्द हुने अवस्थामा पुगिसकेको छ । उद्योग निरन्तर चल्ने र बन्द भइरहने अवस्थाबाट गुज्रिएको उनी बताउँछन् । 'सिमेन्ट उत्पादन गर्ने मेसिन धेरै जीर्ण भइसकेको रहेछ ।

पटक-पटक बिग्रिने र पूर्ण क्षमतामा उत्पादन गर्न नसकेकै कारण समस्या आइरहेको छ । उद्योगमा नयाँ मेसिन नल्याएसम्म समस्या हट्दैन', पाण्डेले साझाकुरासँग भने, 'एउटा बनाएर चलायो अर्को बिग्रिहाल्छ, कति बनाउनु जति बनाएपनि नियमित चल्न सकेन । नयाँ उपकरण ल्याएर उत्पादन थाल्नुपर्ने भएकाले सरकारसँग पहल गरिरहेको छु', पाण्डेले भने ।

उनका अनुसार उद्योगमा पर्याप्त जनशक्ति नभएका कारण पनि उत्पादनमा समस्या भएको पाण्डेले बताए । उद्योगमा ६ सय ५५ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल २ सय २२ जनाले मात्रै काम गरिरहेको उनले जानकारी दिए । उद्योग निरन्तर



घाटामा पनि छ । एकातर्फ उत्पादनमा गिरावट आइरहनु, उत्पादित सिमेन्ट पनि बिक्री हुन नसक्नु समस्याले थलिएको उद्योग निरन्तर घाटाले धराशयी बनाएको हो । उद्योगले विगत चार वर्षमा करिब ८० करोड घाटा व्यहोरेको छ । घाटासँगै उद्योग करिब २० करोड ऋणमा पनि डुबेको छ ।

उत्पादन क्षमता र बिक्री घट्दा हेटौंडा सिमेन्ट उद्योग वार्षिक घाटामा सञ्चालन भइरहेको हो । गत आव २०७८/०७९ मा मात्रै उद्योगले करिब साढे २३ करोड घाटा व्यहोर्नु परेको महाप्रबन्धक पाण्डेले जानकारी दिए । गत आवमा एक अर्ब २२ करोड आम्दानी गरेको उद्योगले एक अर्ब ३९ करोड खर्च गरेको छ । उद्योगले आव २०७४/०७५ मा १६ करोड ३६ लाख नाफा कमाएको थियो । त्यसयता उद्योग निरन्तर घाटामा छ । आव २०७५/०७६ मा उद्योगले १ करोड ५ लाख, आव ०७६/०७७ मा २३ करोड ८२ लाख, आव ०७७/०७८ मा थप १७ करोड चार लाख नोक्सान व्यहोर्नु परेको उद्योगले जनाएको छ ।

उद्योगमा गत आव ०७८/०७९ मै उत्पादन भएको करिब ३ लाख बोरा सिमेन्ट बिक्री नभएर थन्किएको छ । जसका कारण उद्योगलाई दुई अर्ब बढी रकम घाटा लागेको छ । उद्योगले गत आव ०७८/०७९ मा १६ लाख बोरा सिमेन्ट बिक्री गरेकोमा बाँकी ३ लाख बिक्री गर्न नसकेको महाप्रबन्धक पाण्डेले बताए । उनले निजी उद्योगहरुले प्रतिबोरा सिमेन्टको मूल्य घटाएपछि हेटौंडा सिमेन्ट बिक्री हुन नसकेको बताए । उद्योगले हाल प्रतिबोरा सिमेन्ट ७ सय ४६ रुपैयाँ ९३ पैसामा बिक्री गर्दै आइरहेको छ । तर, उद्योगलाई एक बोरा सिमेन्ट उत्पादन गर्न करिब ९ सय रुपैयाँ लागत पर्दै आएको पाण्डेले जानकारी दिए । 'घाटा खाएर बिक्री गर्दै आएका छौं । हाम्रो लागत नै बिक्री भन्दा प्रतिबोरामा डेढ सय बढी छ । निजी उद्योगहरुले बोरामा मूल्य घटाएर बजारमा सिमेन्ट पठाए । त्यसपछि हाम्रो उत्पादन बिक्री नै भएन', उनले भने ।

**कर्मचारीले दिए २१ दिने अल्टिमेटम**

निरन्तर घाटाले धराशयी अवस्थामा पुगेको हेटौंडा सिमेन्टमा कर्मचारीहरुले सेवासुविधाको विषयमा उद्योगलाई अल्टिमेटम दिएका छन् ।

अखिल नेपाल औद्योगिक मजदुर संघ इकाई समिति र समग्र उद्योग ट्रेड युनियन नेपाल, सिमेन्ट उद्योग कार्यसमितिले महाप्रबन्धक पाण्डेलाई श्रम ऐन २०७४ बमोमिज कार्य गर्न अल्टिमेटम दिएको हो ।

दुबै समितिले उद्योग बन्द भएको र घाटामा रहेकोप्रति चिन्ता व्यक्त गरेपनि समग्रमा कर्मचारीहरुको सेवासुविधामा जोड दिएर महाप्रबन्धकलाई अल्टिमेटम दिएका छन् । उनीहरुले उद्योगको विगतदेखिका उद्योग व्यवस्थापन पक्षले उद्योगको समग्र सुधार र उत्पादन बृद्धिलगायतका पक्षमा आवश्यक ध्यान नदिँदा हालसम्म उद्योग करिब ८० करोड घाटामा रहेको आरोप लगाएका छन् ।

कर्मचारीहरुले ११ वटा बुँदामा माग राखेर अल्टिमेटम दिएका हुन् । हाल कोइलालगायत आवश्यक कच्चा पदार्थ अभावकै कारण बन्द उद्योग यथाशीघ्र चालु गर्न माग गरेका छन् । आगामी दिनमा कच्चा पदार्थ, स्पेयर पार्टस् तथा कर्मचारी जनशक्तिको अभावमा उद्योगको कुनैपनि शाखा/विभागबाट हुने कार्य बन्द नहुने लिखित प्रतिबद्धता व्यक्त गर्न माग गरिएको छ ।

उद्योगका ४ वटै खानीहरु कुनैपनि अबरोधबिना सञ्चालन गरी नियमितरुपमा चुनढुंगा आपूर्ति हुने प्रबन्ध मिलाउन उनीहरुले आग्रह गरेका छन् । उद्योग व्यवस्थापनले उद्योग संचालनको लागि अतिरिक्त समयमा काम गर्न खटाउने यद्यपि २०७८ भदौ १६ गतेदेखि हालसम्म अतिरिक्त समयमा काम गरेको रकमसमेत भुक्तानी नदिएको भन्दै छिटो रकम भुक्तानी गर्न माग गरेका छन् ।

उद्योगमा नियमित अवकाश र स्वैच्छिक राजीनामाको कारणले कर्मचारी संख्या २ सय २१ मा सीमित भई उद्योगको उत्पादन र आन्तरिक कामकाजमा प्रत्यक्ष असर पर्दै गएको अवस्थामा पनि प्रशासनले कुनै चासो नलिएको जनाउँदै अब लोक सेवा आयोगको वार्षिक कार्यतालिकाभित्र पदपूर्ति कार्य अनिवार्य हुने गरी कर्मचारी पदपूर्ति प्रक्रिया तुरुन्त अगाडि बढाउन माग गरिएको छ । उद्योगको संशोधित आर्थिक प्रशासन नियमावलीमा कर्मचारीहरुले घर पेश्की वापत १० लाख रकम लिँदा वार्षिक ५ प्रतिशत ब्याजदर लाग्ने गरी व्यवस्था गरिएको कुरा बुझिन आएकाले ब्याजदरको व्यवस्था हटाउन माग गरिएको छ ।

वर्तमान आर्थिक प्रशासन नियमावली परिमार्जन गरी खाइपाई आएको सुविधामा असर नपर्ने गरी व्यवस्था मिलाउन भनिएको छ । कर्मचारी बिरामी भएर उपचारको क्रममा आफूले पाउने औषधि उपचार खर्च वापतको रकम बाट कट्टी हुने गरी उद्योगले पेश्की दिने पूर्ववत् व्यवस्था अबलम्वन गर्न माग गरिएको छ ।

# मंसिर ४ मा प्रतिनिधिसभा र प्रदेश निर्वाचन घोषणा



काठमडौँ, १९ साउन (रासस)/ नेपाल सरकारले प्रतिनिधिसभा र प्रदेशसभाको आम निर्वाचन २०७९ साल मंसिर ४ गते एकै चरणमा गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले सो निर्णय गरेको प्रधानमन्त्री शेरबहादुर देउवाका प्रेस प्रमुख गोविन्द परियारले जानकारी दिए । निर्वाचन आयोगको प्रस्ताव समेतको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्को बिहीबारको बैठकले सो निर्णय गरेको हो ।

निर्वाचन आयोगले नेपाल सरकारबाट तोकिएको आउँदो मंसिर ४ गते हुने संघीय र प्रदेशसभा सदस्यको निर्वाचन एकै चरणमा सम्पन्न गराउन आजैदेखि औपचारिकरूपमा तयारी सुरु गरेको छ । तोकिएको दिन स्वतन्त्र र निष्पक्षरूपमा निर्वाचन गराउन आफू पूर्ण सक्षम रहेको आयोगले आज स्पष्ट गरेको छ ।

आयोगका पदाधिकारीले गत असार २२ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर वर्तमान सांसद्हरु निर्वाचित भएको मितिका आधारमा आउँदो मंसिर २१ गते उनीहरुको कार्यकाल सकिने भएकाले सो अगाडि मंसिर ४ गते निर्वाचन गर्न उपर्युक्त हुने परामर्श दिएको थियो । सोही परामर्शका आधारमा सत्ता गठबन्धनका शीर्ष नेताहरुको बुधबारको बैठकले उक्त मितिमा सहमति जनाएपछि बिहीबार भएको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकले निर्वाचनको मिति तोकेको हो । निर्वाचन आयोग ऐन, २०७३ को दफा २ को खण्ड (झ) मा निर्वाचन हुने मितिभन्दा १२० दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई 'निर्वाचन अवधि' भनी परिभाषा गरेको हुँदा निर्वाचनको मिति तोक्दा ऐनको सो व्यवस्थाबमोजिम निर्वाचन हुने दिनभन्दा कम्तिमा १२० दिन अगाडिदेखि निर्वाचन अवधि कायम हुने गरी मिति तोक्न आयोगले सरकारलाई परामर्श दिएको थियो ।

आयोगले मिति घोषणा भएको आजको मितिले १०७ कार्य दिन बाँकी रहे पनि यही अवधिलाई उपयोग गर्दै निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

सरकारले मिति तोकेलगत्तै बिहीबार प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासहित आयुक्तहरु सम्मिलित पत्रकार सम्मेलनमा आयोगले यसबीचमा भएका निर्वाचनका आन्तरिक तयारीलाई अब औपचारिकरूपमा तीव्रता दिने जनाएको हो ।

प्रमुख आयुक्त थपलियाले मंसिर ४ गतेको निर्वाचनका लागि अर्जुनदृष्टि दिएर निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहितिरूपमा सम्पन्न गर्ने तयारी सुरु भएको स्पष्ट गरे । उनले दशौँलगत्तै उम्मेदवारी मनोनयन हुने गरी निर्वाचन कार्यक्रम र कार्यतालिका आउने जानकारी दिँदै उम्मेदवारी मनोनयन गरेपछि वर्तमान सांसद्हरुको पदावधि सकिने गरी कानून स्पष्ट गराउन आयोगले सुझाव दिइसकेको बताए ।

संविधानसभाबाट संविधान जारी भएपछिको यो दोस्रो आम निर्वाचनमा सबै दल र उम्मेदवारलाई बराबर 'खेल मैदान' उपलब्ध गराउन आयोगले कुनै कसर बाँकी नराख्ने प्रमुख आयुक्त थपलियाको भनाइ छ ।

एकै चरणमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न गर्ने गरी आयोगको परामर्शमा नेपाल सरकारबाट मिति तोकिएकोमा आयोगले नेपाल सरकारलाई धन्यवाद दिएको छ ।

आयोगले दिएको परामर्शअनुसार नै निर्वाचनको मिति तोकिएसँगै प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको कार्यकाल कहिलेदेखि प्रारम्भ भन्ने सम्बन्धमा रहेको संवैधानिक तथा कानूनी अस्पष्टता अब सदाका लागि अन्त्य भएको र यसबाट आगामी आवधिक निर्वाचनको निम्ति पनि मार्ग प्रशस्त भएको आयोगको भनाइ छ ।

# अनेरास्ववियुको अध्यक्षमा मैनाली



साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ नेकपा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुरको अध्यक्षमा भुवन मैनाली चयन भएका छन् ।

अनेरास्ववियुको २७ औं जिल्ला अधिवेशनले मैनालीलाई अध्यक्षमा चयन गरेको हो । उनको नेतृत्वमा ३९ सदस्सीय जिल्ला कमिटी निर्माण गरिएको छ ।

कमिटीको उपाध्यक्षमा अमृत बर्तौला, सचिवमा पुष्कर तिमल्सिना, सहसचिवमा प्रमोद फुँयाल, दिनेश हुमागाइँ, स्वेच्छा दंगाल र कोषाध्यक्षमा सबिना ढकाल सर्वसम्मत चयन भएकी छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**




☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**ADMISSION OPEN**

**10+2**
**SCIENCE**
**HOTEL MANAGEMENT**
**MANAGEMENT**
(Both for the Morning & the Afternoon Session)



Foundation Classes for Medical and Engineering
New attraction for Science students

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"

Contact: 057-524701, 057-524711

Hetauda-4, Makawanpur
info@hsm.edu.np
@hsm.edu.np

www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

# बजेट कार्यान्वयनमा जोड गरौं

मुलुक सञ्चालनका लागि अनुमानित वार्षिक आयव्यय (बजेट) कति आवश्यक छ ? त्यति नै आवश्यक बजेट कार्यान्वयनमा पनि छ । हरेक वर्षमा ल्याइने बजेटलाई कार्यान्वयन गर्नु पनि महत्वपूर्ण पाटो हो । तर, नेपालको हकमा बजेट कार्यान्वयनको अवस्था फितलो छ । बजेट निर्माण र कार्यान्वयन गर्दा मुलुकको आर्थिक, सामाजिक र भौगालिक अवस्थालाई मध्यनजर गर्नुपर्छ । दिगो आर्थिक वृद्धि प्राप्त गर्न बजेट कार्यान्वयनलाई जोड दिनुपर्छ । बजेटले देखाएका उद्देश्य र लक्ष्य प्राप्तिको अवस्था कस्तो छ ? यसको समिक्षा राम्रोसँग हुनुपर्छ । संघीयदेखि स्थानीय सरकारहरुको बजेट कार्यान्वयनको अवस्था दयनीय छ । गत आर्थिक वर्ष ०७८/०७९ को बजेट कार्यान्वयनको अवस्था हेर्दापनि कार्यान्वयनको अवस्था प्रष्ट हुन्छ । मुलुकका सात प्रदेशमध्ये ठूलो बजेट भएको बागमती सरकारको बजेट खर्च निराशाजनक थियो । बागमतीको मात्र नभई, मकवानपुरका स्थानीय तहको बजेट खर्च कमजोर छ । सबै सरकारले असारे विकासलाई प्रशय दिँदै बजेट खर्च आर्थिक वर्षको अन्तिममा बढाउने गरेका छन् । असारे विकासमा गरिने बजेट खर्चले दीर्घकालिन असर भने पुऱ्याइरहेकोप्रति सरकारी निकायको ध्यान गएको देखिँदैन् । बजेट कार्यान्वयन गर्न नसक्दा बजेटको लक्ष्य तथा उद्देश्य प्राप्त हुन सक्ने अवस्था देखिएको छैन । यसले मुलुकको समग्र विकासलाई पछाडि धकेलिरहेको छ ।

विगतका वर्षमा बजेट बनाउने, राम्राराम्रा चर्चा कमाउने खालका कार्यक्रम प्रस्तुत गर्ने दिगो विकासका नाराहरु समावेश गर्ने देखेका छौं । तर बजेट कार्यान्वन पक्ष कमजोर देखिँदा लक्ष्यको नजिक पनि नसकिरहेको देखिन्छ । विगतका वर्षमा प्रस्तुत बजेटलाई नियाल्ने हो भने मुलुकमा विकास गर्न बाँकी केही नहुने देखिन्छ । तर, बजेट कार्यान्वयन नहुँदा विकासमा हामी पछाडि छौं । बजेटको लक्ष्य हेर्दा त नागरिकको घरघरमा खानेपानी, ग्यास पाइप, रेलमार्ग, पानी जहाज सञ्चालन विद्युत, खेतीयोग्य जमिनमा १२ महिना नै सिंचाई हुने सुबिधा, हरेक नागरिकलाई उचित स्वास्थ्य सुबिधा प्राप्त भई सक्नु पर्ने हो । तर खोइ त लक्ष्य अनुसारको विकास । यसर्थमा पनि बजेट कार्यान्वयन प्रमुख आवश्यकता हो, मुलुक को ।

अब संघदेखि स्थानीय तहसम्मले बजेट कार्यान्वयनमा जोड दिनु आवश्यक छ । विषयगत रुपमा बिनियोजन गरिएको बजेट कार्यान्वयन विगतका वर्षमा कति भए ? तीनै तहका सरकार` गम्भिर रुपमा समिक्षा गरेको पाइदैन् । मकवानपुरका स्थानीय सरकारलेपनि समिक्षा गरेको देखिँदैन् । बजेट कार्यान्वयनको अवस्था बारे समिक्षा गरेमा आगामी वर्षका लागि गाउँपालिकाले कस्ता योजना ल्याउने, बजेट कार्यान्वयन कसरी गर्ने भन्ने लय लिन सक्थ्यो । तर, बजेट कार्यान्वयनको अवस्थालाई सुक्ष्म ढंगबाट मुल्यांकन नगर्दा परम्परागत शैलीमै बजेट आउने र आर्थिक वर्षमा केही करौड खर्च गरेर बिताउने समयको खेल मात्रै भइरहेको छ । मुलुकको समग्र विकासका लागि बजेट कार्यान्वयन अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन २१ गते शनिबार ६ अगष्ट २०२२ । श्रावण शुक्लपक्ष नवमी । गुँलाथ्व ११४२ । सूर्योदय: ५:३०, सूर्यास्त: ६:४८ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा कमजोरी हुनेछ | तुला | : चुनौतीहरु देखा पर्न सक्नेछ |
| वृष | : दाम्पत्य जीवन सुखद बन्नेछ | वृश्चिक | : व्यावसायिक काम बन्नेछ |
| मिथुन | : धार्मिक कार्यले फाइदा हुनेछ | धनु | : सहयोगीले असहयोग गर्नेछन् |
| कर्कट | : मन खिन्न बनाउन सक्छ | मकर | : समस्या दोहोरिन सक्नेछ |
| सिंह | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | कुम्भ | : घरेलु काममै अलमल हुनेछ |
| कन्या | : प्रेमको बन्धन कसिन सक्नेछ | मीन | : भूमिबाट लाभ लिने समय छ |

# सकारात्मक भन्न नकारात्मक टिप्पणी ?



✍ कुलचन्द्र वाग्ले

नेपाली समाजमा नकारात्मक सोचको उद्गम गहिरो छ । लामो शृंखला र इतिहास छ । राणावंश शासित नेपाली समाज निषेध र नकारात्मक समयचक्रमा एकसय चार वर्ष दमित रह्यो । आन्दोलन दन्कियो । आन्दोलन कसैको वा खराबप्रतिको नकारात्मक भावकै उपज हो । आन्दोलनले राणा फाल्यो, खोपीमा थन्क्याइएको राजसंस्थालाई समेत प्रजातन्त्रले मुक्ति दियो ।

यो मुलुकमा सकारात्मक केही छैन ? सकारात्मक प्रयत्न र परिणाम केही आएकै छैन ? कि हाम्रो समाजकै सकारात्मक सोच क्षीण हुँदै स्खलनतिर गएको हो वा सकारात्मक भनिने विषय नै गौण हुन थालेको हो ?

चिया चर्चा वा बाटोघाटोमा भेट हुने चिर परिचित र भर्खरै भर्खर चिनाजानी भएका सबैको प्रतिक्रिया निराशा, नकारात्मक र दु:खी भावमा व्यक्त भएको अत्यधिक सुनिन थालेको छ । प्राय: सबैको मत नकारातमकता अभिव्यक्तिबाट सुरु हुन्छ ।

के छ, कस्तो चल्दै छ ? भन्ने आपसी क्षेमकुशल सोधाइको औपचारिकतापछि सुरु हुने अरु कुरा बाँकी नै के रहन्छ र ? तब ठोक्किन्छ देश, समाज र राजनीतिकै गफागफ । थाहा राख्ने अरु कुरा, अन्य देशका कुरा वा बाह्य समाजका कुरा नहुने त होइन किन्तु अन्तत: उदाहरण आफैँ र आफ्नो देशको नकारात्मक चित्र चरित्रमा धेरैको सुस्केरा फुस्किन सुरु भइहाल्छ ।

कसैले सकारात्मक पाटो कोट्याउन चाह्यो भने उसले सुरु गर्न पाएकै हुँदैन उत्तिखेरै 'आग्राको कुरामा गाग्राको जबाफ' जस्तो प्रतिवाद आइहाल्छ । तब मौन खुम्चिनुबाहेक उपाय हुँदैन । यो सोचमा प्रदूषण हो कि वैशिष्ट्य ?

निश्चय पनि हाम्रो वाचाल शक्ति बढेको छ । वाचाल शक्तिमा स्तरको मापन कसले, कसरी गर्ने ? स्वयं व्यक्ति, समाज कि अरु कोहीले ? वा संगतको फल अनेक छन् भनेर चित्त बुझाउने ? अथवा जस्तो संगत त्यस्तै क्रिया, प्रतिक्रिया सम्झेर तोलाको जिब्रो लुकाउने र धार्नीको मुन्टो हल्लाउने ? कहिले काहीं असमञ्जस हुन्छ ।

वाणीको ब्रह्मत्व, विचारमा सन्तुलन र बहुकोणीय दृश्यभावले राम्रा, नराम्राको पहिचान र प्रस्तुति दिन सक्षम बनाउँदै लग्ने रहेछ । विचारमा पनि वर्ग छ । सामन्त पनि यसैमा भेटिन्छन्, सहरिया गाउँघरका सामान्य नागरिकभन्दा बढी नकारात्मक सुनिन्छन् । कारण होलान् । सहरको आवश्यकता, प्रविधिको चकाचौंध र अपेक्षामा त्यो वर्गले जब तादम्य भेट्दैन उसलाई नकारात्मक दृश्यभन्दा पर गोचर हुँदैन ? यो त्यो वर्ग हो जसले आफूलाई सोच्न सक्ने जानकार ठान्छ । यहीं त्यस्तो मजदुर छ उसको सीमा बिहान, बेलुकाको भेटमा निहित छ । फुर्सद छैन अरु सोच्ने उसलाई ।

धनाढ्य के कुरा ? ऊ आफ्नै चित्र चरित्रको शुद्धताको पुस्ट्याइँमा ध्यानमग्न छ । तर, ध्यानमा चलचित्रको रिलजस्तो दृश्यमा काला, निला, हरिया, पहेँलाबीच शुभ्र पोका पुन्तरा आइहाले ऊ कति पुलकित होला ? यो भौतिक सुखसयली वर्ग टोलै थर्काउने शंखघण्ट बजाउँछ । आआफ्नै विश्वासअनुसार सबैले प्रार्थनाको जप गर्छन् पाप मोचनको कामनासहित ।

वर्ग विभाजित सम्पत्तिको कारणमात्रै किन ? विचारमा वर्ग छ, व्यवहारमा पनि । भूगोलमा वर्ण छ र वर्ग देखिन्छ । मान्छेमा वर्ग धेरै प्रकार छ । सकारात्मक पनि छ, नकारात्मक पनि । मानिसले सोचाइको विकास सकारात्मकबाट गर्ने कि नकारात्मकबाट ? निजी जीवनमै पनि । प्रश्न छ ।

मानिस हुनुपर्ने सकारात्मक प्राणी हो । उसभित्र नकारात्मक भाव हुने नै भयो । यही भावले सकारात्मक भाव खोज्ने हो कि ? कुनै एकमात्र हुने भए त्यसको र अर्कोको औचित्य के बाँकी रहन्थ्यो र ? यी भावमा सीमा र सिंहावलोकनको मात्रा चाहिने हो ।

मानिस नकारात्मक त्यसै हुँदैन तर भनिन्छ केही केही स्वभावैले नकारात्मक हुन्छन् रे ? यो पनि 'जेनेटिक' प्रक्रिया नै पो हो कि ? जे होस्, तथ्य चाहिँ कुमालेले आकृति दिने कमलो माटोमा पहिचानजस्तै मानिसलाई परिस्थिति, परिवेश र प्रक्रियाको चक्रले स्वभाव निर्मित गर्छ रे ।

नेपाली समाजमा नकारात्मक सोचको उद्गम गहिरो छ । लामो शृंखला र इतिहास छ । राणावंश शासित नेपाली समाज निषेध र नकारात्मक समयचक्रमा एकसय चार वर्ष दमित रह्यो । आन्दोलन दन्कियो । आन्दोलन कसैको वा खराबप्रतिको नकारात्मक भावकै उपज हो । आन्दोलनले राणा फाल्यो, खोपीमा थन्क्याइएको राजसंस्थालाई समेत प्रजातन्त्रले मुक्ति दियो ।

त्यही निरीह संस्था मुक्तिसँगै राजतन्त्र चलाउने असीमित आकांक्षाले नकारात्मक र निषेधको बाटो हिँड्यो । नागरिक स्वतन्त्रतालाई निषेध गर्न थाल्यो, नकारात्मक भन्न थाल्यो र मुक्तिदाता लोकतन्त्रलाई नै दुत्कार्ने कुकर्मको प्रयोक्ता भयो । नकारात्मक र निषेधको जगमा राजतन्त्रले तीस वर्ष नागरिकको समय खोस्यो ।

दलीय पद्धति पुन: आयो, ल्याइयो । नकारात्मक परम्पराको विकल्प टड्कारो भएन कि ? दलहरुले समाजमा उत्पन्न गर्ने सकारात्मक भाव अझै उपार्जन गर्न सकेनन् कि ? उनीहरु चुके । त्यसैले समाज र मानिसको भावधारा नकारात्मक दिशातिर जबर्जस्त लाग्यो र चिन्तनधारा नै विशृंखल हुन थाल्यो कि ? यो लक्षण के हो ? सम्भावित परिणाम कस्तो ? सकारात्मक सोच्ने कि नकारात्मक ?

दलहरु एकअर्काप्रति अति नै नकारात्मक हुने । शालीन, सभ्य विचार र अभिव्यक्तिले खरो आलोचक हुन नजान्ने । भन्छन् नि 'पाँडे गाली'मा ओर्लिने । विपक्षको केही पनि सकारात्मक नदेख्ने बरु बद्ख्वाइँमात्र गर्ने प्रवृत्ति नकारात्मक सोचको वाहक हो । यस्तो प्रवृत्तिको प्रत्यक्ष, परोक्ष (दु:)प्रभाव नागरिक समाजमा परेकै छ ।

यस्तो प्रवृत्तिको फैलावटमा पत्रकारिता, सञ्चार माध्यम र सामाजिक सञ्जालको योग कस्तो छ ? कर्मचारी तन्त्र त दोष पन्छाउने संस्कारकै छ । यो संस्कार नकारात्मक हो । विश्लेषकको हिस्सा यसमा कति ? समीक्षा हुन सक्छ कि सक्दैन ? नकारात्मक संस्कारको एकदुई उदाहरण राखौं ? पहिलो-'गोबर्द्धन शर्मा ट्रस्ट'को । गण्डकी प्रदेश सरकारको बजेटमा यो ट्रस्टलाई पचास लाख रुपियाँ दिने प्रस्ताव सार्वजनिक भयो । यस्ता अरु संस्थालाई पनि बजेटको व्यवस्था थियो ।

गोबर्द्धन शर्मा तनहुँमा जन्मिएका प्रजातान्त्रिक आन्दोलनका धरोहर हुन् । अहिले मुलुक र यहाँका नागरिकले जुन स्वतन्त्रता, जुन अवसर र जस्तो प्रणाली पाएका छन् त्यसमा उनको जीवन जोडिएको छ, समर्पित छ । सहयोग सार्वजनिक हुनेबित्तिकै सामाजिक सञ्जालहरुमा बडो सादगी, उपदेश र घृणा मिश्रित प्रतिक्रिया आए । सामाजिक सञ्जाल चलाउने पुस्ता इतिहासक पढ्दै न कि, मूल्यांकन गर्दैन ? वा योगदानको सम्मान गर्ने दायित्व बुझ्दैन कि ? अथवा आफ्नै धरातल पनि चिन्दैन कि ? आफूलाई मात्रै चाहिन्छ भन्ने मनोकुण्ठाबाट समाज ग्रस्त हुँदै हो कि ?

निश्चय पनि विकृति, विसंगति र वितण्डाविरुद्ध बोल्नै पर्छ । यसैका लागि गोबर्द्धन शर्माले जीवन समर्पित गरेका हुन् । यसको अर्थ योगदानको अवमूल्यन, इतिहासको इज्जतहरण र त्यागको अपमान गर्नु कृतघ्न समाजको द्योतक हो । नेपाली समाजमा गोवर्द्धन शर्मा स्मरणीय पात्र होइनन् र ? योगदानको तुल्यतामा उनको स्मृति पचास लाख रुपियाँमा सीमित होला ? यस्ता व्यक्तित्वलाई स्मृतिमा बचाइराख्ने दायित्व राज्यको हो कि, होइन ? रकम सहयोग यस्तै उपायमध्ये एक हो ।

बिचरा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बजेटको यो प्रस्तावप्रति चौतर्फी अविवेकी टिप्पणीको कारण स्थगित गरे, फिर्ता लिए । उनी गोबर्द्धन शर्मा पोखरेलका माहिला छोरा हुन् । गोबर्द्धन शर्मालाई चिन्दै नचिनी गरिएको सामाजिक सञ्जालको टिप्पणी नकारात्मक संस्कारकै उपज उदाहरण हो ।

अर्को उदाहरण प्रमुख प्रतिपक्षी दलको अध्यक्ष केपी शर्मा ओली निस्सृत हालका सुन्दर र उपेदश भन्न मिल्ने वाणी वाणको हो । एउटा हिन्दी भनाइ छ नि- 'सौ चुहे खाके, बिल्ली चली धाम'। धाम विकल्प शब्दमा प्रयोग गरियो, खासमा 'हज' भनिन्छ । धाम भन्दा सबैलाई हुने हज भन्दा खास एक समुदायलाई मात्रै पर्छ कि ?

ओहो, ओली जीले सुशासनको गफ दिन थालेको । गठबन्धनलाई गोली गाँठोदेखिको बल निकालेर सादगीको गाली पुराण सुनाएको । कत्ति सुहाएन । एक वर्षअघि मात्रैको आफ्नो कृत्य, कुकृत्यको ऐना अघि उभिएर ? लामो किन भन्नु पर्यो र भुक्तभोगी उही समाज छ, पूर्वप्रधानमन्त्री ओली जी । नकारात्मक व्यवहार त गरिएकै हो नकारात्मक सोचको नेतृत्व पनि लिने ? सकारात्मक दिशा दिने दायित्व छैन कि ? भन्नुको मतलब अहिले गठबन्धन सरकारका दल दूधले धोएका छैनन् । यिनले पनि धेरै हिस्सा ओली पथकै लिएका देखिन्छन् - नकारात्मक । यिनै विविध कारण समाज अधिक नकारात्मक बन्दैछ । कतै यो लेख नै पनि नकारात्मक नमानियोस् । भन्न खोजेको सकारात्मक सोचाइको सन्देशमा पनि बुझिदिए मेरा लागि यी हरप सार्थक हुनेछन् । -साभार: बाह्रखरी

# सरकार, हामीले नागरिकता कहिले पाउने ?



✍ कल्पना नेपाल आचार्य

सरकार, हामी तिम्रा सन्तान होइनौ ? के हामीलाई नेपाली भनी गर्वका साथ छाती खोलेर बाँच्न पाउने अधिकार छैन ? कहाँ छ सरकार, अधिकार सहितको लोकतन्त्र ? हामीजस्ता पहिचानविहीनहरुले सरकारको अनुभूति गर्नै पाएनौ । भर्खरै मात्र नागरिकता विधेयक पास भएको छ । यसले चहराइरहेको पहिचानविहीन घाउमा मलम लगाउँछ कि भन्ने झिनो आशा छ ।

गरिबीले थलिएको मेरो परिवार, दूरदराजमा हुर्केकी म भूइँमान्छे । बाबुले रक्सी पिएर रातदिन आमालाई पिट्ने, दुर्व्यवहार गर्ने, पटक पटक घरबाट निकाल्ने गर्दथे । आमालाई ज्यानै जोगाउन गाह्रो थियो । एकातिर बाउको पिटाई, घरेलु हिंसा, दुर्व्यवहार र मानसिक पीडाले मेरी आमालाई सधैँ पिरोलिरहन्थ्यो भने अर्कोतिर वर्षौटे जन्मिएका दाइ र मलाई के खुवाएर हुर्काउने भन्ने धेरै चिन्ता थियो ।

अन्तत: आमाले सधैँको हिंसा सहेर बस्नुभन्दा घरै छोडी हिँड्ने निधो गरिन् । आमाले एकदिन भालेको डाँकोसँगै झिसमिसेमा मलाई र दाइलाई लिएर घर सदाका लागि छोडिन् । तीन पेट पाल्नकै लागि हजारौं सपना बुनेर सहर पसेकी मेरी आमा एकदिन भिख माग्दै जाँदा ठूलो घरका मालिकले उमेर त निकै बाँकी छ त, किन माग्न हिँडेकी ? केही काम पाएमा काम गर्ने हो ? भन्दै प्रश्न गरे ।

'काम पाए त गर्ने थिए नि । बरु काम के होला ?' आमाले मधुर स्वरमा कुरा राखिन् । 'मेरो घरमा भाडा माझ्ने, पोछा लगाउने, लुगा धुने काम हो । महिनाको दश हजार दिन्छु ।' आमालाई प्रस्ताव आयो ।

खुशी हुँदै 'धन्य प्रभु' भन्दै आँखाबाट अश्रु खसाली सहस्र स्वीकारिन् आमाले काम । त्यस दिन मेरी आमालाई जीवनमा सबैभन्दा ठूलो खुशी मिलेको थियो । महिना भरी काम गरी थापेको पैसाले हामीहरुको पेटपूजालाई ठिक्क हुन्थ्यो । एउटा सानो टहरामा हाम्रो बसाइँ थियो । केही समयपछि आमाले अरु पनि दुई चार घरमा भाँडा माझ्ने, पोछा लगाउने लुगा धुने काम गर्न थालिन् । केही पैसा बचत हुन थाल्यो । मेरी आमालाई आफ्ना सन्तानलाई स्कूल पठाउने ठूलो रहर जाग्न थाल्यो ।

दाइ र मेरो विद्यालय जाने समय ढल्दै गइरहेको थियो । आमाले नजिकैको सरकारी विद्यालयमा हामीलाई भर्ना गर्ने निधो गरिन् । भर्ना हुनका लागि जन्म दर्ता चाहिने भयो । तर, आमासँग जन्म दर्ता थिएन । मैले आमासँग साँझमा खाना खाँदै गर्दा मेरो बाबा र घरबारे जान्न धेरै प्रश्न तेर्स्याए । बाबा कहाँ हुनुहुन्छ ? हाम्रो घर आफन्त कोही छैन ? किन हाम्रो जन्म दर्ता नभएको ? आमाले अँध्यारो मुख लगाएर मतिर हेरी मात्र रहिन्, जवाफ नै दिइनन् । केही बेरमा ठूलो स्वरमा 'तिम्रो बाबा, घरपरिवार, आफन्त भन्ने कोही पनि छैन । सबै मरिसके' भन्दै जवाफ दिइन् । मेलापात गर्दा जन्मेका हामी, जन्म दर्ता गर्नु पर्दछ भन्ने आमालाई थाहा भएन । फेरी नपढेकी, गरीब परिवारमा जन्मिएकी, हजुरआमाको मृत्यु भएपछि मेरी आमालाई सौतेनी आमाले धेरै हेला गरेर, पिटेर दश वर्षको उमेरमा घरबाट निकाले । सडकमा पुगेकी मेरी आमा भौतारिदै जाँदा एक बाटो बनाउने कामदारसँग प्रेममा परिन् । सँगै बाँच्ने सँगै मर्ने सपना देखाएर आमालाई श्रीमती बनाएर राखे । समयसँगै म र मेरो दाइको जन्म भयो ।

जब आमाको रुप र यौवन घट्दै गयो, बाले अर्कै केटीसँग प्रेम गरी आमालाई हेला गर्न थाले । यति भन्दै आमा सुँक्कसुँक्क गरी पछ्यौराको सप्कोले आँसु पुछिरहिन् । आमाको बोली बन्द भयो । घर छोड्दा खेरीको समय मलाई पनि धमिलो याद छ । बाले आमालाई विना कारण रक्सी खाएर निकै गाली गर्ने, पिट्ने गर्थे । न त आमाको बिहे दर्ता नै भयो, न त नागरिकता नै बन्यो । आमालाई बाको घर ठेगाना पनि थाहा भएन । आमा एकाएक पहिचानविहीन हुन पुगिन् ।

दु:खको भुमरीबाट रोडमा बेवारिसे भएकी मेरी आमाको कोही आफन्त थिएनन् । भाग्यले ठगिएकी आमाको पहिचान नै भएन । ए सरकार, मेरी आमा तिम्रो देशको नागरिक होइन ? उनलाई पहिचान दिलाउने के तिम्रो धर्म होइन ? हामी जस्ता बेसहारा, पहिचान, आवाजविहीनलाई आवाज भर्ने तिम्रो कर्तव्य होइन ? तिमी हाम्रो अभिभावक होइनौ ? हामीले के नै बिगारेका थियौ र ? दाइ र म पनि पहिचानविहीन बन्न पुग्यौ ।

सडकमा भेटिएका सहाराविहीनहरुको कथा हो यो । त्यस्तै पीडा यो कथा सुनाउने उनको साथीको पनि छ । गरिबी, पछौटेपन, दूरदराजमा हुर्किएकी उनकी आमा जुनेली । उनलाई नागरिकता बनाउनु पर्छ भन्ने सम्मको ज्ञान छैन । बा, आमाको समेत नागरिकता नभएको । बा र आमाको मृत्युपश्चात गाउँमा आफन्त भन्ने कोही नभएको । गरी खाने खेतबारी नभएको, मात्र झुपडीमा बस्ने अनि दिनभरी काम गरी कमाएको पैसाले साँझ विहानको छाक टार्ने काम । सधैँ भोलि के खाने भन्ने चिन्ता हुन्छ ।

एक दिनको कुरा हो, उनको गाउँमा एक अपरिचित व्यक्तिको आगमन हुन्छ । उसकी आमा जुनेलीको जवानीमा आँखा गाड्दै सहरमा जागिर लगाइदिने आश्वासन दिन्छ । प्रशस्त पैसा कमाउन सकिने सपना देखाउँछ अनि गाउँबाट भगाएर लैजान्छ । काठमाडौं जस्तो ठूलो सहरमा गर्भवती बनाएर उल्टै अलपत्र पारेर भाग्छ । उ कहिल्यै फर्केर आउँदैन ।

समय बित्दै गयो । जुनेलीले बच्चा जन्माइन् । उनलाई पतिको घर ठेगाना कहाँ हो, के गर्छ ? केही थाहा हुँदैन । आफ्नो भन्ने सबै गुमाएकी उसकी आमाको जाने ठाउँ पनि कहीँ हुँदैन । बेरोजगार कहीँ कतै काम पाइँदैन । पछिल्लो पटक उनी जुन होटेलमा थिइन्, श्रीमान्ले त्यही होटेलमा केही पैसामा बेचेर हिँडेको रहेछ । समयसगैं होटेल मालिकले यौन व्यवसायमा काम गर्न बाध्य बनाएछ । नर्कबाट निस्केर जानका लागि सहारा कोही हुँदैन । आफ्नो र बच्चाको पहिचानका लागि सरकारसँग भीख मागी रहेकी छिन् ।

सरकार, यी त प्रतिनिधि पात्र मात्र हुन् । आज हजारौ नागरिक पहिचानविहीन भएर बाँच्न बाध्य छन् । यसतर्फ कसको ध्यान जाने ? तिनका लागि बनेका राष्ट्रिय कानूनहरु नेपालको संविधान भाग २ को धारा १० ले कुनैपनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित नगरिने लगायतका व्यवस्था गरेको छ । नेपाल नागरिकता ऐन, २०६३ मा भएको नागरिकता प्राप्ति सम्बन्धि व्यवस्था, अन्तर्राष्ट्रिय कानून मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २४, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को धारा ९, बालअधिकारको विश्वव्यापी घोषणा १९८९ को धारा ७, मानव अधिकार सम्बन्धि अमेरिकी अभिसन्धि १९६९ को धारा २० लगायतका दर्जनौ कानूनहरु र संघसंस्थाहरू क्रियाशील रहेता पनि हजारौ आमाको पहिचान, राष्ट्रियतालाई सम्बोधन गर्न सहयोगी बन्न सकेन ।

माथिको कथा सुनाउने बहिनी भन्छिन्, म र मेरो दाई, मेरो साथी पनि पहिचानविहीन भएकै कारण शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षाको हक, बालबालिकाको हकबाट बन्चित हुन पुगेका छौं । सरकार, हामी तिम्रा सन्तान होइनौ ? के हामीलाई नेपाली भनी गर्वका साथ छाती खोलेर बाँच्न पाउने अधिकार छैन ? कहाँ छ सरकार, अधिकार सहितको लोकतन्त्र ? हामीजस्ता पहिचानविहीनहरुले सरकारको अनुभूति गर्नै पाएनौ । भर्खरै मात्र नागरिकता विधेयक पास भएको छ । यसले चहराइरहेको पहिचानविहीन घाउमा मलम लगाउँछ कि भन्ने झिनो आशा छ ।

आवाजविहीनका लागि बनेका कानून, संयन्त्र, संघ, संस्था, भूइँतहका व्यक्तिहरुले सरकारको अनुभूति कहिले गर्न पाउने ? आज हजारौ नेपालीहरु आफ्नो राष्ट्रियताबाट वन्चित भएको देख्दा पंक्तिकारलाई पनि निकै पीडाबोध भइरहेको छ । तीन तहको सरकारले छिट्टै आवाजविहीनहरुको खण्डीकृत तथ्यांक अद्यावधि गरी पहिचानविहीनहरुको गुनासो, पीडाको सम्बोधन गरेको देख्ने रहर छ ।

जसले पुर्खौदेखि यही माटोमा पसिना बगाए, हरेक माटोको कण कणमा उसको मायाको स्पर्श, देशभक्तिको प्रेमसहितको रगत लतपतिएको छ । मुटु माझ देशकै नक्सा नमेटिने गरी कोरिएको छ । सरकार ती भुइँतहका पहिचान, पहुँच र आवाजविहीन भएका हरेक व्यक्तिहरुले गर्वका साथ म नेपाली, मेरो देश नेपाल भनी बाँच्न पाउने वातावरण सुनिश्चित गरी राज्यको दायित्व पुरा गर्नु गराउनु आजको आवश्यकता हो ।

*लेखक राष्ट्रिय मानव अधिकार आयोगमा अधिकृत छन्* -साभार: रातोपाटी

# थाइल्याण्डमा नेपाल प्रवर्द्धन

काठमाडौँ, १९ साउन (रासस)/ प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरले थाइल्याण्डमा 'नेपाल सेल्स मिशन २०२२' मार्फत नेपालको गन्तव्यको प्रवर्द्धन गरेको छ ।

थाइल्याण्डको राजधानी बैंककमा आयोजित कार्यक्रममा नेपालका ११ बिक्रेता पर्यटन व्यावसायिक कम्पनी र थाइल्याडका ४५ भन्दा बढी टुर अपरेटरलगायत करिब ८० जना सरोकारवालाको सहभागिता रहेको थियो । 'बीटुबी शत्र' औपचारिक समारोह र नेटवर्किङ डिनर रिसेप्सन भव्यताका साथ सम्पन्न भएको पाटा नेपालले विज्ञप्तिमार्फत जनाएको छ ।

पाटा नेपालले थाइल्यान्डस्थित नेपाली राजदूतावास, नेपाल एयरलाइन्स, पाटा अन्तर्राष्ट्रिय र पाटा थाइल्याण्ड च्याप्टर, थाई ट्राभल एजेन्ट्स एशोसिएशन, एसएस ग्रुप थाइल्याण्ड, नेपाली उद्योग परिसंघ (सिएनआइ) र जावलाखेल ग्रुप अफ इन्डस्ट्रिजसँगको सहकार्यमा नेपाल सेल्स मिसन आयोजना गरेको हो ।

कोभिड-१९ महामारीपछिको पर्यटन पुनःरुत्थान अभियानअन्तर्गत विदेशी स्रोत बजारमा गएर पहिलो पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना गरिएको पाटा नेपालले जनाएको छ । पाटा नेपालका पदाधिकारीसहित २० पर्यटन व्यवसायीको प्रतिनिधिमण्डलले अगष्ट २ देखि ४ गतेसम्म थाइल्याण्डको सोङखलामा आयोजना हुने छैटौँ पाटा डेस्टिनेसन मार्केटिङ फोरममा समेत सहभागिता जनाएको छ ।

कार्यक्रममा थाइल्याण्डका लागि नेपालका राजदूत गणेशप्रसाद ढकालले थाई ट्राभल एजेन्टस तथा आगन्तुकलाई सहज भिसा सेवा, नेपाल भ्रमणको सम्बन्धमा जानकारी तथा अन्य आवश्यक सहयोग प्रदान गर्न नेपाली दूतावासले सक्रिय भूमिका निर्वाह गर्ने बताए । नेपालको पर्यटन क्षेत्रका आकर्षणका बारेमा प्रकाश पार्दै उनले नेपालको पर्यटन प्रवर्द्धनमा सहकार्य गर्न सहभागीलाई आग्रह पनि गरे ।

पाटा अन्तर्राष्ट्रियकी प्रमुख कार्यकारी निर्देशक लिज ओर्टिगेराले महामारीपछिको पर्यटन प्रवर्द्धनका लागि आफू पहिलोपटक सहभागी हुन पाएकोमा खुसी व्यक्त गर्दै पाटा च्याप्टरहरूबीचको सहकार्य तथा समन्वयमार्फत नेपालको पर्यटन प्रवर्द्धनमा पाटा नेपाल च्याप्टरको उच्च सक्रियताको प्रसंशा गरे । उनले नेपाललगायत विश्वभरका पाटा सदस्य संस्थाहरू तथा गन्तव्यको पर्यटन पुनःरुत्थान एवं प्रवर्द्धनमा पाटाले आफ्नो स्रोत र विशेषज्ञता उपलब्ध गराउने विश्वास व्यक्त गरे ।

सीएनआइका महानिर्देशक दीपकराज जोशीले नवीनतम अद्यावधिक र जीवन्त अनुभव प्रदान गर्ने गन्तव्यको रूपमा नेपालको आकर्षणका बारेमा विस्तृत जानकारी प्रस्तुत गरे । उनले थाई ट्राभल एजेन्टले नेपालसँग जोडिएर कसरी फाइदा लिन सक्छन् भन्ने विषयमा समेत अवधारणा प्रस्तुत गरेको थियो ।

पाटा नेपालका अध्यक्ष विभूति चन्द ठाकुरले विश्वव्यापी महामारीले दुई मित्रराष्ट्र नेपाल र थाइल्याण्डबीचको पर्यटन आदानप्रदानलाई प्रवर्द्धन गर्न सार्वजनिक तथा निजी क्षेत्रका सबै सरोकारवालालाई पर्यटन क्षेत्रको पुनःरुत्थान तथा दिगो विकासका लागि हातेमालो गरेर अगाडि बढ्न आग्रह गरे । उनले बैंककमा आयाजित नेपाल सेल्स मिशन नवनिर्मित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र यसको दिगो पर्यटन विकासका लागि नयाँ बाटो र अवसरको प्रवर्द्धन गर्दै महामारीपछिको पर्यटन पुनःरुत्थान अभियानमा सहयोग पुऱ्याउन समयसापेक्ष र फलदायी पहल भएको विश्वास व्यक्त गरे ।

त्यसैगरी, पाटा थाइल्याण्ड च्याप्टरकी अध्यक्ष सुश्री बेन मोन्टगोमेरीले नेपालको पर्यटन पुनःरुत्थान पहलका लागि शुभकामना व्यक्त गरे । थाई ट्राभल एजेन्ट्स एशोसिएशनका उपाध्यक्ष शिवेक सचदेवले नेपालको दिगो र वातावरणमैत्री पहलको प्रशंसा गर्दै आफ्नो थाई पर्यटन समुदायलाई नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्न आग्रह गरे ।

थाइल्याण्डमा नेपाल वायुसेवा निगमका कन्ट्री म्यानेजर होमप्रसाद पराजुलीले सहज जडान, राष्ट्रिय ध्वजावाहकको प्रवर्द्धन भाडा र थाई एजेन्टलाई विशेष सुविधाको बारेमा जानकारी दिए । लुम्बिनी विकास कोषका सद्भावनादूत विक्रम पाण्डेले भगवान् बुद्धको जन्मस्थल लुम्बिनी वरपर विकास भइरहेका पर्यटन पूर्वाधार र पर्यटकीय गतिविधिको सम्भावनालाई प्रकाश पार्दै थाइल्याण्ड-नेपाललाई बौद्ध पर्यटनको माध्यमबाट जोड्नेबारे कार्यपत्र प्रस्तुत गरेको थियो ।

## राष्ट्रिय स्क्वाश प्रतियोगिता




काठमाडौँ, १९ साउन (रासस)/ चौथो धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वाश प्रतियोगिताअन्र्गत मास्टर खुलातर्फको विधामा दिलीप अधिकारी फाइनल पुगेको छ ।

दिलीप अधिकारीले कर्नेल इन्द्रबहादुर कार्कीलाई २-१ ले पछि पार्दै फाइन्ल पुग्नुभएको हो । यसैगरी बिहीबार भएको दोस्रो सेमिफाइन खेलको प्लेट च्याम्पियनसिपतर्फको विधामा राजकृष्ण महर्जनले कमल शाक्यलाई ३-१ ले पराजित गर्दै फाइनलमा पुगे ।

राजकृष्णाले कमललाई ४-११, ११-५, ११-९, ११-९ स्कोरले पराजित गरेको हो । सोही विधाको अर्को खेलमा प्रयाग जोशीले जुनिल शाक्यलाई ३-१ ले पराजित गरे । प्रयागले जनिलमाथि १२-१०, ११-३, ८-११, ११-३ को स्कोरले पाखा लगाए । शुक्रबार पुरुष खुला, मास्टर खुला, महिला खुला तथा छात्र यु-१९ विधाका सेमिफाइनल खेल सञ्चालन हुनेछ । प्रतियोगिता यही साउन २१ गतेसम्म सञ्चालन हुनेछ ।

# संक्रमणको चौथो लहरको संकेत !



काठमाडौँ, १९ साउन (रासस)/ नेपालमा चार जनामा घटेको संक्रमण अहिले दैनिक करिब एक हजारको नजिक देखिन थालेको छ । पछिल्लो हप्ता नेपालमा दैनिक संक्रमण बढ्दै गएको पुष्टि हुन्छ ।

छिमेकी मुलुक भारतमा कोरोना भाइरसको संक्रमण बढेसँगै नेपालमा पनि यसको प्रभाव देखिन थालेपछि नेपालमा संक्रमण बढ्न थालेको हो । खुला सीमाका कारण भारतबाट सजिलै नेपाल आउने भएपछि संक्रमण बढ्न थालेको बताइएको छ ।

नेपालमा पनि ओमिक्रोनको 'विएफाइभ' प्रजाति देखिएको र उक्त प्रजातिको संक्रमणको सर्ने दर उच्च रहेकाले पनि अहिले नेपालमा संक्रमण बढिरहेको छ । पहिले यहाँ संक्रमणदर ०.५ प्रतिशतसम्म झरेकामा अहिले १५ प्रतिशतभन्दा माथि पुगेको छ । साउन १८ गते नौ सय १५ संक्रमित, साउन १७ गते आठ सय १४, साउन १६ गते आठ सय ९५ संक्रमित र एक जनाको निधन भएको छ ।

यस्तै साउन १५ गते छ सय २०, साउन १४ गते चार सय ३८ र दुई जनाको मृत्यु, साउन १३ गते पाँच सय ७७ जना र दुई जनाको मृत्यु, साउन १२ गते सात सय १० र दुई जनाको मृत्यु, साउन ११ गते पाँच सय ६४ र एक जनाको मृत्यु, साउन १० गते छ सय ३८ र दुई जनाको मृत्यु भएको छ । यसरी संक्रमण दैनिक बढेर हजारको नजिक पुग्न थालेको छ ।

दैनिक संक्रमण बढिरहेकाले नेपालमा कतै संक्रमणको चौथो लहर आएको त होइन भन्ने लागेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले संक्रमणको लहर ग्राफले देखाउने गरेको र अहिले देखिएको संक्रमणको ग्राफले अर्को लहरको संकेत गरेको बताए ।

सरकारले आधिकारिकरूपमा संक्रमणको चौथो लहर भन्ने नगरेको र संक्रमणको ग्राफले नै लहर बताउने गरेको उनको भनाइ रहेको छ । "हामीले पहिले पनि ग्राफ बढे पनि संक्रमणको लहर भनेको थिएनौँ । अहिले पनि हामी भन्दैनौँ", उनले भने, "तर अहिले संक्रमणको ग्राफले आफैँ अर्को लहर देखाएको छ ।"

स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका वरिष्ठ स्वास्थ्य प्रशासक डा खगेश्वर गेलालले अहिले दैनिक बढिरहेको संक्रमणले चौथो लहरको संकेत गरेको बताउछन् ।

"सरकारले आधिकारिकरूपमा चौथो लहर भन्ने गरेको छैन । तर अहिले दैनिक हजारको संख्याले संक्रमणको चौथो लहरको संकेत गरेको छ", उनले भने, "यदि यसैगरी संक्रमण बढ्न थाल्यो भने चौथो लहर नआउला भन्न सकिन्न ।"

उनले संक्रमण साउन र भदौमा धेरै माथि (पिक)मा पुग्ने र त्यसपछि घट्ने बताउछन् । खुला सीमा भएकाले दैनिक सीमानाकाबाट आउने मानिसमा संक्रमण देखिने गरेको छ । ती मानिसहरूले नै संक्रमण सारिरहेका छन् ।

जनस्वास्थ्यविद् डा. सागर राज भण्डारीले साउनदेखि नै कोरोना भाइरस संक्रमणको चौथो लहर सुरु भएको बताउछन् । "संक्रमणको पाँच प्रतिशतभन्दा माथि भयो भने अर्को लहर आएको भन्ने हुन्छ", उनले भने, "नेपालमा अहिले बढेको संक्रमणको अवस्था हेर्दा १५ प्रतिशतकै हाराहारीमा रहेको छ ।"

उनले अहिलेको संक्रमणको तह माथिल्लो तह (पिक लेभल)मा पुगेपछि पुनः घट्ने बताउछन् । उनले भारतको खुला सिमाना र विदेशबाट आएका संक्रमितले संक्रमण सार्ने गरेको बताउछन् । उनका अनुसार अहिले देखिएको 'विएफाइव' भेरियन्टले छिटो मानिसमा सारे पनि संक्रमितलाई भने गम्भीर बनाउँदैन । उनले संक्रमित बढिरहेकाले जनस्वास्थ्यका मापदण्ड लागू गर्न र कोरोना भाइरसको चौथो बुष्टर लगाउन आग्रह गरे ।

नेपालमा पहिलोपटक २०७६ माघ ९ गते संक्रमण पुष्टि भएको थियो । यस्तै दोस्रो संक्रमित चैत १० गते देखिएको थियो । सरकारले दोस्रो संक्रमित देखिएपछि मुलुकभर बन्दाबन्दी (लकडाउन) गरेको थियो । नेपालमा पहिलो लहर विसं २०७६ चैतदेखि २०७७ मंसिरसम्म चलेको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीका अनुसार संक्रमणका दोस्रो लहर विसं २०७७ वैशाखदेखि भदौसम्म तथा तेस्रो लहर २०७८ पुसदेखि फागुनसम्म देखिएको थियो । मन्त्रालयले सम्भावित संक्रमणको जोखिमलाई ध्यान दिएर सबै अस्पताल, स्वास्थ्य संस्था र प्रदेशमा तोकिएका कोभिड-१९ अस्पताललाई संक्रमित व्यक्तिको व्यवस्थापन गर्नका लागि निर्देशनसमेत दिइसकेको छ ।

यस्तै मन्त्रालयले देशभरिका १७ अस्पताललाई सम्भावित जोखिमलाई ध्यानमा दिएर कोरोना भाइरसका बिरामीको उपचारको व्यवस्था मिलाएको छ । मन्त्रालयले कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि भीडभाड हुने स्थानमा अनिवार्य मास्क र स्यानिटाइजरको प्रयोग गर्न आग्रह गरेको छ । सबै सरकारी, गैरसरकारी कार्यालय तथा मानिसको भीडभाड हुने स्थानमा विमानस्थल, हवाईलगायत सार्वजनिक यातायातमा गोष्ठी, सेमिनार, बैठकजस्ता भीडभाड हुने कार्यक्रममा मास्कको प्रयोगलाई अनिवार्य गर्ने र स्यानिटाइजरको व्यवस्था मिलाउन आग्रह गरिएको छ ।

यस्तै कोभिड-१९ विरुद्धको खोप कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न निर्देशन दिँदै खोप लगाउन बाँकी रहेका सबैलाई खोप लगाउन आग्रह गरिएको छ ।

**मृतक अधिकांश खोप नलगाएका**

कोरोना भाइरसको संक्रमणबाट छ महिनासम्म कसैको पनि निधन भएको थिएन । तर पछिल्लो दिनमा भने दैनिक एक वा दुई जनाको संक्रमणबाट निधन हुने गरेको छ । साउन १ गतेबाट संक्रमणबाट मानिस मर्न थालेका हुन् ।

पछिल्ला समय कोरोना भाइरस संक्रमणबाट ज्यान गुमाएकामध्ये ८० प्रतिशतले खोप नलगाएको पाइएको छ । महाशाखाका प्रमुख डा गेलालले संक्रमणबाट निधन भएकामध्ये ८० प्रतिशतले खोप नलगाएको र २० प्रतिशतले पूर्ण मात्राको खोप नलगाएको जानकारी दिए ।

# 'न्यायको पहुँचमा दलित' पुस्तक सार्वजनिक

काठमाडौँ, १९ साउन (रासस)/ 'न्यायको पहुँचमा दलित ?' पुस्तक सार्वजनिक गरिएको छ । जागरण मिडिया सेन्टर (जेएमसी) ले प्रकाशन गरेको सो पुस्तकलाई प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले बिहीबार आयोजित कार्यक्रममा सार्वजनिक गरे ।

अनुसन्धानमा आधारित पुस्तकमा दलित समुदायको मानवअधिकार उल्लङ्घन र न्यायका लागि संघर्षमा केन्द्रित छ । समिति सभापति पोखरेलले संवैधानिक र कानुनीरूपमा सुनिश्चित् अधिकारको व्यवहारिक रुपमै कार्यान्वयन गर्दै थप अधिकार प्राप्त गर्न दलित समुदायले एकीकृत रूपमा संघर्ष गर्नुपर्नेमा जोड दिए ।

संघीय संसद्, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिका सभापति निरादेवी जैरुले नीति निर्माण तहमा दलित समुदायको समान सहभागिताको माग गरे । राष्ट्रिय दलित आयोयका अध्यक्ष देवराज विश्वकर्माले भने, "जातीय हिंसा तथा उत्पीडन मानवता विरुद्धको अपराध हो ।" पुस्तकभित्र देशभरका १२ घटनालाई समावेश गरिएको छ । पुस्तकमा दलित तथा सीमान्तकृत समुदायको मानवअधिकार उल्लङ्घनका घटनामा, घटनाको प्रकृति, न्यायको पहुँचको अवस्था, संघर्ष र प्रक्रियासम्बन्धी विषयवस्तु समावेश गरिएको अध्यक्ष कमला विश्वकर्माले जानकारी दिए ।

लेखक तथा अध्येता जेवी विश्वकर्माको सहयोगमा तयार गरिएको पुस्तकमा खासगरी अन्तर जातीय विवाहका भएका घटना र पानी छोएको निहुँमा दलित समुदायमाथि भएको हत्या र कुटपिटलगायतका घटना समोवश गरिएको छ ।

पुस्तकलाई भीमबहादुर विक, विरु नेपाली र कृष्ण दर्नालले सम्पादन गरको छ । (जेएमसी) सन् २००० मा दलित समुदायका सक्रिय युवा सञ्चारकर्मीको पालामा स्थापना गरिएको गैरसरकारी संस्था हो ।


## श्री मालपोत कार्यालय मकवानपुरबाट

**मितिः २०७९/०४/१५ मा जारी भएको नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

निवेदकः जितमान प्रजा/लालजित प्रजा (छोरा ) ज.धः-झुली चेपाङ (आमा)

यसमा जिल्ला मकवानपुर, साविक कांकडा गाविस वडा नंवर ७ को कि.नं. १३४ को क्षेत्रफल ज.रो. २२-३-२-३ को जग्गाधनी आफ्नी आमा झुली चेपाङको मिति २०६५/०४/२ मा मृत्यू भएको, जग्गाधनीको पति अर्थात हाम्रो बाबु मंगल सिंह प्रजाको पनि मिति २०६३/११/१२ मा मृत्यु भएको, जग्गाधनी तथा निजको पतीको दाम्पत्य जिवनबाट २ छोराहरु हामी निवेदकहरुको मात्र जायजन्म भएकोले उल्लखित जग्गा हाम्रो नाममा संयुक्त नामसारी गराईपाउँ भनी निवेदकहरु जितमान र लाल जित प्रजाले राक्सिराङ्ग गाउँपालिका ०७ नंवर वडा कार्यालयको च.नं. ०१ मिति २०७९/४/१० को सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित, मृत्यु दर्ता प्रतिलिपि तथा सक्कल पुर्जा समेत संलग्न राखी नामासारीको लागि मागदावी निवेदन पेश गर्नु भएको वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनी र निजको पतीको मृत्यु भएको खुल्न आएको तथा यस कार्यालयको मोठ/रोक्काफाँटबाट झुली चेपाङको नामको कांकडा ७ को कि.नं. १३४ को श्रेस्ता झुत्रो भई नष्ट भएकोले फेला पार्न नसकिएको तथा झुली चेपाङको नाममा रोक्का देखिएन भनी भिडी आएकोले जग्गाको श्रेस्ता कायम गरी नामासारी गर्नको लागि जग्गाधनीको हकदार हरु, पालनपोषण/सदगद तथा जग्गाको हकभोगको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामासमेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भएपछि पेश गर्नू भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः निवेदकहरुको मागदावी सत्य नभई झुठ्ठा भए वा उल्लेखित जग्गा जग्गाधनीले कुनै प्रकारले हक हस्तान्तरण गरिसकेको भए वा जग्गामा निवेदकहरुको हकभोग भएको नभए वा जग्गाधनी र निजको पतीको पालनपोषण/सदगद निवेदकहरुले नगरी अरु कोही कसैले गरेको भए वा उल्लेखित जग्गा उपर कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकूल असर पर्ने भए वा निवेदकहरु माग बमोजिम नामसारी हुन गर्न नहुने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दावी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

*इति संवत २०७९ साल श्रावण महिनाको १५ गते रोज ५ शुभम...*


# सात महिनामा तीन लाख विदेशी पर्यटक भित्रिए



काठमाडौँ, १९ साउन (रासस)/ सन् २०२२ को सात महिनामा झण्डै तीन लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कानुसार जनवरीदेखि जुलाई महिनासम्म हवाईमार्ग भएर दुई लाख ८५ हजार तीन सय ६३ विदेशी पर्यटक नेपाल भ्रमणमा आएका छन् । पछिल्लो जुलाईमा ४४ हजार चार सय ६२ पर्यटक आएका छन् । सन् २०१९ को जुलाई महिनामा ५८ हजार आठ सय ११ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

जुलाईमा छिमेकी मुलुक भारतबाट सबैभन्दा बढी १७ हजार दुई सय ९९, बङ्गलादेशबाट एक हजार आठ सय ७४ पर्यटक भित्रिएका छन् । त्यस्तै चीनबाट एक हजार पाँच सय ९३ पर्यटक नेपाल आएका छन् ।

समग्रमा एसिया र अन्य मुलुकबाट चार हजार एक सय ९५ पर्यटकले नेपाल भ्रमण गरेका छन् । त्यसैगरी युरोपबाट नौ हजार एक सय २१, मध्यपूर्वलगायत मुलुकबाट तीन हजार सात सय ३५ र अमेरिकाबाट पाँच हजार दुई सय २८ पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

*कुन महिनामा कति पर्यटक भित्रिए*

बोर्डका अनुसार जनवरीमा १६ हजार नौ सय ७५, फेब्रुअरीमा १९ हजार सात सय ६६, मार्चमा ४१ हजार छ, अप्रिलमा ६१ हजार पाँच सय ८९, मेमा ५३ हजार छ सय आठ, जुनमा ४६ हजार नौ सय ५७ र जुलाईमा ४४ हजार चार सय ६२ विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

बोर्डले छिमेकी मुलुक भारत, बङ्गलादेशसहित एसिया, मध्यपूर्वी एसियाका स्रोतबजारमा प्रवर्द्धनात्मक गतिविधिलाई तीव्रता दिइएको जनाएको छ ।

बोर्डका निर्देशक मणिराज लामिछानेले जुलाई महिना पर्यटनका लागि अफसिजन रहे पनि पर्यटक आगमन सकारात्मकरूपमा बढिरहेको भन्दै यसले नेपालको पर्यटन क्षेत्र विस्तारै लयमा फर्किएको संकेत गरेको बताए ।

उनले पर्यटक बढोत्तरीमा भारत, बङ्गलादेश र युरोपको भूमिका सकारात्मक देखिएको उल्लेख गरे । निर्देशक लामिछानेले पछिल्लो समय भारत, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का तथा एसिया र युरोपियनलगायत मुलुकबाट पर्यटक आगमन बढेको जानकारी दिए ।


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई दुःख हुनेछ ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*


# भूमिगत विद्युत् प्रसारण लाइन जडानका लागि अनुमति



वीरगञ्ज, १९ साउन (रासस)/ लामो समयदेखि रोकिएको पर्सा राष्ट्रिय निकुञ्ज हुँदै बाराको पिलुवा भएर गढीमाईसम्म ३३ केभी क्षमताको भूमिगत विद्युत् प्रसारण लाइन जडानको काम अघि बढ्ने भएको छ ।

नेपाल विद्युत् प्राधिकरणद्वारा निर्माणाधीन एक सय ३२ केभी विद्युत् प्रसारण लाइनअन्तर्गत पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा प्राधिकरणले वन तथा वातावरण मन्त्रालयबाट मागेको अनुमति मन्त्रालयबाट स्वीकृत भएपछि अब थप काम अघि बढ्ने भएको हो ।

वन तथा वातावरण मन्त्रालयको पछिल्लो बैठकको निर्णयअनुसार सो क्षेत्रमा भोगाधिकारको जग्गाभित्र पर्ने गरी मागबमोजिम ३३ केभी क्षमताको भूमिगत विद्युत् प्रसारण लाइन निर्माण गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुमति दिएको हो । मन्त्री प्रदीप यादवका अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट पेश भएका सम्पूर्ण शर्तको पालना हुने गरी प्रसारण लाइन जडान हुनेछ ।

पर्सा राष्ट्रिय निकुञ्ज हुँदै बाराको पिलुवादेखि पूर्व गढीमाई जाने मोडसम्म करिब चार हजार आठ सय ३० मिटर लम्बाइको ३३ केभी क्षमताको भूमिगत विद्युत् प्रसारण लाइन निर्माण भएपश्चात् बारा र पर्साका उद्योगमा विद्युत् आपूर्तिमा थप सहजता आउने विश्वास लिइएको उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य एवं वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुबोधकुमार गुप्ताले बताए । योसँगै पर्सा र बारा औद्योगिक करिडोरका उद्योगी व्यवसायीले झण्डै तीन दशकभन्दा लामो समयदेखि रोकिएको भूमिगत विद्युत् प्रसारण लाइन जडानका लागि थप प्रक्रिया अघि बढ्ने छ । समय-समयमा विद्युत् अवरुद्ध हुने, ट्रीपीङ हुने, भोल्टेज कम हुने, अघोषितरुपमा विद्युत् भार कटौती हुनेजस्ता समस्याबाट सास्ती खेपिरहेका उद्योगीले अब राहत पाउनेमा उद्योगी व्यवसायी आशावादी बनेका छन् ।

***भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजनको सफलता ९२ प्रतिशत***

बारा र पर्सा कार्यक्षेत्र रहेको पर्साको वीरगञ्जस्थित भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा भौतिक प्रगतितर्फ कूल लक्ष्यको ९२ प्रतिशत सफलता हासिल गरेको छ ।

कार्यालयले विशेष गरी बारा र पर्सामा आवश्यकताअनुसार सिँचाइ सुविधा उपलब्ध गराउन नयाँ डिप ट्युबेल सिँचाइ योजना कार्यान्वयन तथा आयोजनाको मर्मतसम्भारसहित व्यवस्थापनको काम गर्ने गर्दछ । कार्यालयले उक्त आवमा समग्रमा योजना तथा कार्यक्रममध्ये भौतिक प्रगतितर्फ कूल ९२ प्रतिशत योजना कार्यान्वयन गरेको डिभिजन प्रमुख अरविन्दकुमार मिश्रले जानकारी दिए । सो आवमा कार्यालयकामा प्रादेशिक र संघीय सशर्तअनुसार प्राप्त कूल १५ करोड ९५ लाख ५६ हजार बजेटमध्ये कूल १२ करोड ९८ लाख ७३ हजार बराबर खर्च भएको देखिन्छ ।

मधेस प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत रहेको उक्त कार्यालयले विभिन्न सिँचाइ प्रणालीको योजना कार्यान्वयन (जमिनमुनिबाट बोरिङको सहाराले पानी निकाली सिँचाइको लागि व्यवस्था मिलाउने) र समग्र आयोजनाको व्यवस्थापनको काम गर्दै आएको छ । पर्सामा १५ र बारामा १२ नयाँ डिप ट्युबेल सिँचाइ योजना निर्माण अन्तिम चरणमा पुगेको कार्यालयका सूचना अधिकारी अनुपमा ढकालले जानकारी दिए । कार्यालयका अनुसार पछिल्लोपटक ट्युबेल सिँचाइबाट दुवै जिल्लामा गरी कूल एक हजार चार सय ३० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ ।

## दूषित खाद्यवस्तु उत्पादन गर्ने एक सय १५ कम्पनी कानुनी दायरामा

काठमाडौँ, १९ साउन (रासस)/ खाद्य ऐन, २०२३ विपरीत अखाद्य वस्तु उत्पादन गर्ने एक सय १५ उत्पादक कम्पनीलाई कानुनी कारबाही गरिने भएको छ । खाद्यान्नमा लेबल, न्यूनगुणस्तर, ऐन नियमविपरीत, दूषित, अनुज्ञापत्र नलिएका र कोलीफर्म मिसिएका खाद्य तथा पेयपदार्थ उत्पादन गरेका उक्त कम्पनीलाई खाद्य ऐन, २०२३ बमोजिम कानुनी कारबाही गरिने भएको हो ।

खाद्य ऐनविपरीत अखाद्य वस्तु उत्पादन गर्ने दालमोठ, मासु, तरकारी, मिक्स मसला तथा अन्य मसलाजन्य पदार्थ, पाउरोटी, दही, दाना, प्रशोधित पिउने पानी, चाउचाउ, चिया, मुसुरोको दाल, घ्यू, आयातित तोरीको तेल, गाईबस्तुको दाना, चाउमिन, मह, बेकरी, गहुँको पीठो, चामल, पेडा, सूर्यमुखी तेल, पोष्टा दाना, क्यारामेल सस, कुखुराको दाना, बिस्कुट, ममः, भेज सस, पुष्टकारी, भेनेगर र गुदपाकलगायत अखाद्य बस्तु उत्पादन गरी विक्री वितरण गरेको अभियोगमा कानूनी कारबाही हुने भएको खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ ।

खाद्य पदार्थमा विशुद्धता कायम राख्न खाद्य ऐन, २०२३ बनेको हो । उक्त ऐनले सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवाञ्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने व्यवस्था गरेको छ ।

# कांग्रेस नेता निधि र भारतका सडक परिवहन मन्त्रीगडकरीबीच छलफल

काठमाडौँ, १९ साउन (रासस)/ नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधि र भारतका सडक परिवहनमन्त्री नितिन गडकरीबीच नेपालको भौतिक पूर्वाधार निर्माणका विषयमा छलफल भएको छ ।

सडक परिवहनमन्त्री गडकरीको निवासमा बुधबार भएको छलफलमा कांग्रेस नेता निधिले भारत सरकारले निर्माण अघि बढाएको अयोध्या-भिठ्ठामोड सडक भारतको मधुवनी जिल्लाको भिटिआमोड (फुलहर) हुँदै नेपालको जटही सीमासम्म थपेर निर्माण गर्न आग्रह गरे ।

नेता निधिको आग्रहप्रति मन्त्री गडकरीले तत्काले मन्त्रालय र सडक विभागका अधिकारीलाई टेलिफोन गरेर जटही सीमासम्म थप सडक निर्माणलाई मन्त्रालयको कार्यक्रममा राख्न निर्देशन दिएको नेता निधिका प्रेस सल्लाहकार रामजी दाहालले जानकारी दिए । जटही-जनकपुर-ढल्केबर छ लेनको सडक निधि भौतिक पूर्वाधारमन्त्री भएकै बेला सम्पन्न भएको थियो । कलकत्ता बन्दरगाहदेखि दरभङ्गा हुँदै नेपालको जटही सीमासम्म वैकल्पिक अन्तर्राष्ट्रिय व्यापारिक मार्ग निर्माण गर्न पनि निधिले मन्त्री गडकरीसँग आग्रह गरेको छ ।

मन्त्री गडकरीकै निवासमा नेता निधि र भारतका जलस्रोत मन्त्री गजेन्द्रसिंह सेखावतबीच पनि भेटघाट भएको छ । भेटमा दुवै देशको सडक, जलस्रोत, ऊर्जा विकास तथा बाढी नियन्त्रण लगायतका विषयमा छलफल भएको छ ।

मन्त्री गडकरी र सेखावतसँगको भेटमा निधिसहित भारतका लागि नेपाली राजदूत डा. शंकर शर्मा पनि सहभागी भएको थियो । त्यस अवसरमा राजदूत डा. शर्माले लाइन अफ क्रेडिट र नेपालको भौतिक पूर्वाधार निर्माणमा प्राविधिक सहयोग उपलब्ध गराउने विषयमा अगाडि सारेको छ ।

# हेटौंडामा परमिट नभएका अटो र मयुरीलाई आजदेखि कारबाही, टाँसियो स्टिकर

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ हेटौंडा उपमहानगरपालिकाभित्र सञ्चालन अनुमति (रुट परमिट) नभएका अटो र मयुरीलाई आज शुक्रबारदेखि कारबाही सुरु गरिने भएको छ ।



हेटौंडाकी नगर प्रमुख मिनाकुमारी लामाले बिहीवार एक औपचारिक कार्यक्रममार्फत् हरियो स्टिकर टाँस गरेसँगै आजदेखि नगरभित्र रुट परमिट नभएका अटो र मयुरीमा कारबाही सुरु गरिने भएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय परिसरमा भएको कार्यक्रममा मेयर लामा, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डे, उपमेयर राजेश बानियाँ, बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण बज्राचार्यले नगरभित्र सञ्चालन अनुमति पाएका अटो र मयुरीमा हरियो स्टिकर टाँस गरेका थिए । अब नगरभित्र हरियो स्टिकर टाँसिका अटो र मयुरीले मात्रै सञ्चालन अनुमति पाउने छन् । ट्राफिक प्रहरीले बिहीबार एक दिनमा ६९ वटा अटो र मयुरीमा स्टिकर टाँस गरेको जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक मुनेन्द्र थापाले जानकारी दिए ।

हरियो स्टिकर नगरभित्र सञ्चालन अनुमति पाएका अटो र मयुरी भनेर बुझिन्छ । स्टिकर नभएका अर्थात् नगरभित्र सञ्चालन अनुमति नभएका अटो र मयुरी नगर भित्र सञ्चालन गर्न नपाउने ट्राफिक प्रहरी प्रमुख थापाले जानकारी दिए ।

थापाले आज शुक्रबार देखि रुट परमिट नभएका अटो र मयुरीलाई जाँच गरेर कारबाही थालिने बताए । हेटौंडा बजारमा देखिएको सवारीसाधनको चापको व्यवस्थापन गर्न हेटौंडा उपमहानगर पालिकाले पहिलो चरणमा तीन पांग्रे सवारीसाधनलाई व्यवस्थित गर्न लागिएको उपमहानगरले जनाएको छ । तीन पांग्रेअन्तर्गत् हेटौंडामा अटो, मयुरी छ्यापछ्याप्ती छन् ।

उपमहानगरका प्रवक्ता सविन न्यौपानेका अनुसार अन्य स्थानीय तहको रुट परमिट भएका अटोहरुलाई नगरको चार दिशासम्म आउन दिने भएको छ । पूर्वी क्षेत्रका लागि क्याम्पाडाँडा वरपर, पश्चिमका लागि नवलपुर, उत्तरका लागि सामरी पुल र दक्षिणका लागि कर्रा पुल पारीसम्म आउन दिनेबारे छलफल भइरहेको न्यौपानेले जानकारी दिए । २०७६ मा नगरभित्रको रुट परमिट नदिन परिपत्र गरेपनि अटो व्यवसायीहरुले जिल्लाभरको परमिट बनाएर चलाउँदै आएका छन् । २०७६ साल अगावै जिल्लाभर परमिट लिएकाहरु हेटौंडामा चल्न पाएपनि त्यसपछि परमिट लिएकाहरुमाथि कारबाही हुने ट्राफिक प्रमुख थापाले बताए ।

कतिपय व्यवसायीहरुले बारा र पर्साको रुट परमिट लिएर अटो खरिद गरेपछि पुन: प्रतिलिपि परमिट बनाउँदा सेटिङमा मकवानपुरको परमिट पनि थप गर्न लगाएको जनाइएको छ । '२०७६ पुसपछि जुन स्थानको रुट परमिट लिए पनि नगरभित्र सञ्चालन गर्न नपाइने बताए । २०७६ पुस अगाडि लिएको हकमा चलाउन दिन्छौं', थापाले भने । नगरमा सडक क्षमता भन्दापनि बढी अटो र मयुरी सञ्चालन भइरहँदा यहाँका सडकमा दुर्घटनाको जोखिमसँगै पार्किङ व्यवस्थापनमा चुनौती भइरहेको छ । २०७६ साल पुसको ७ गते हेटौंडा उपमहानगर क्षेत्रमा थप तीन पांग्रे सवारीसाधन दर्ता अनुमति नदिने निर्णय गरिएको थियो । तर, बाहिरी जिल्लाको रुट परमिटले हेटौंडामा अटो र मयुरी निर्वाध सञ्चालन भइरहेका छन् । हेटौंडाको बीच बजारबाट दुईवटा राष्ट्रिय राजमार्ग पर्ने भएकाले वर्षौंदेखि साँघुरा सडक समस्या बन्दै आएका छन् ।

स्टिकर टाँस कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख लामाले सरकारले बनाएका कानुन सबैले मानेर अघि बढ्नुपर्नेमा जोड दिइन् । स्टिकर टाँससँगै नियमित अनुगमनलाई उपमहानगरले निरन्तरता दिने लामाले बताइन् । अटो व्यवसायलाई व्यवस्थित गर्न व्यवसायीहरुले तिरेको करबाट अक्षय कोष बनाउने लामाले घोषणा गरिन् ।

हेटौंडा नगरमा सवारी सञ्चालनलाई व्यवस्थित गर्न अभियान सञ्चालन गरिएको उपप्रमुख राजेश बानियाँले बताए । उनले अटो र मयुरी व्यवसायीहरुको हकअधिकारमा उपमहानगर सदैव साथ र सहयोगमा रहेको भन्दै केही विद्यमान समस्या हटाउन सबैले बुझ्नुपर्ने बताए ।

अटो र मयुरी व्यवसायीहरुको तर्फबाट बोल्दै नेपाल अटो ईरिक्सा व्यवसायी संघका अध्यक्ष भिमप्रसाद गौतमले उपमहानगरबाट सुरु गरिएको अभियान अत्यन्तै राम्रो भएको बताए । कार्यक्रमको अबसरमा अनुशासित र कानुन अनुसार अटो र मयुरी सञ्चालन गरेको भन्दै इन्दिरा सापकोटा र कृष्णप्रसाद दुलाललाई सम्मान गरिएको छ । कार्यक्रममा उपमहानगरका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु तथा संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता थियो ।

# हेटौंडा उपमहानगरले नि:शुल्क रगत उपलब्ध गराउने

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ हेटौंडा उपमहानगरपालिकाले उपमहानगरका बिरामीहरुलाई नि:शुल्करुपमा रगत उपलब्ध गराउने भएको छ ।

उपमहानगरले बिहीवार 'नि:शुल्क रक्त सेवा' कार्यक्रमबाट नि:शुल्क रगत उपलब्ध गराउन नेपाल रेडक्रस सोसाईटी मकवानपुरसँग सम्झौता गरेको हो । मान्यताप्राप्त अस्पतालमा उपचाररत् हेटौंडाका बिरामीका लागि चिकित्सकोसिफारिसका आधारमा आवश्यकताअनुसार रगत रेडक्रसद्वारा सञ्चालित ब्लड बैंक हेटौंडाले उपलब्ध गराउने गरी सहमति भएको छ ।

उपमहानगरपालिकाभित्र कुनै घटना, परिघटनामा परी उपचारार्थ रगत आवश्यक भएमा नि:शूल्क उपलब्ध गराउने जनाइएको छ । सम्झौता पत्रमा हेटौंडा उपमहानगर पालिकाको तर्फबाट सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना र जनस्वास्थ्य निरीक्षक भोला चौलागाई तथा नेपाल रेडक्रस सोसाईटीको तर्फबाट मन्त्री खेमराज सापकोटा र कार्यालय प्रमुख लक्ष्मण भट्टराईको हस्ताक्षर गरिएको छ ।

सेवा संचालन गर्दा लाग्ने खर्चको व्यवस्थापन तथा सम्पूर्ण जिम्मेवारी हेटौंडा उपमहानगपालिकाले लिने भएको छ । २०७९ साल साउन १ गतेबाट सुरु भएको सम्झौता २०८० साल असार ३१ गतेसम्म लागू हुने उल्लेख गरिएको छ ।

सम्झौतापश्चात् उपमहानगरपालिकाले सेवा संचालनको निरीक्षण गरी कार्य प्रगति प्रतिवेदन दिने तथा काम कारबाहीको सम्बन्धमा कुनै समस्या आएमा समाधान गर्न निर्देशन उपलब्ध गराउने छ । रगत उलब्ध गराएबापत हेटौंडा उपमहानगर पालिकाले रेडक्रसलाई प्रतियुनिट ८ सय ५० रुपैयाँको दरले प्रगति प्रतिवेदनको आधारमा त्रैमासिक रकम उपलब्ध गराउने सम्झौता भएको छ । सम्झौताको सम्बन्धमा विवाद आएमा आपसी समझदारीमा समाधान गरिने उल्लेख छ ।

# डेंगुको संक्रमण बढ्न थालेपछि हेटौंडामा स्प्रे गर्न थालियो



साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ पछिल्लो समय डेंगुको संक्रमण बढ्न थालेपछि हेटौंडा उपमहानगरको क्षेत्रमा स्प्रे गर्न थालिएको छ ।

बढि मात्रामा डेंगुको संक्रमण देखिरहेको उपमहानगरको ४ र ५ नम्बर वडामा उपमहानगरले स्प्रे गरेको हो । डेंगुको संक्रमण बढ्दै गएपछि लामखुट्टेका लार्भा तथा अन्य जिवाणु नष्ट गर्ने गरी 'डाइथाल कार्वसेट' पानीमा मिसाएर छिट्न थालिएको हेटौंडा उपमहानगरपालिकाको आयुर्वेद तथा जनस्वास्थ्य प्रवर्द्धन शाखाका जनस्वास्थ्य अधिकृत भोला चौलागाईले जानकारी दिए । उनले संक्रमणलाई फैलन नदिनका लागि जनस्तरमा मट्टीतेलको प्रयोग गरी लार्भा नष्ट गर्ने सचेतनासँगै बढी जोखिम रहेको क्षेत्रमा उपमहानगरले स्प्रे गर्न थालेको बताए ।

संक्रमण फैलिएका वडाको जोखिमपूर्ण क्षेत्रको पहिचान गरी आवश्यकताअनुसार संक्रमण नियन्त्रणको अभियान सञ्चालन गरिने जनस्वास्थ्य अधिकृत चौलागाईंको भनाइ छ । कोरोना संक्रमणका बिरामीको दर बढ्दै गएसँगै नगरमा लामखुट्टेको टोकाइबाट हुने डेंगुका बिरामीको संख्या पनि बढ्दै गएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । असारको अन्तिमबाट सुरु भएको संक्रमणको दर बिस्तारै बढ्दै गएको र अहिलेसम्म ४३ जनामा संक्रमण देखिएको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

# 'शान्ति सुरक्षा मजबुत बनाउन प्रतिवद्ध: डीआईजी बज्राचार्य

साझाकुरा संवाददाता



हेटौंडा, १९ साउन/ बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक(डिआइजी) किरण बज्राचार्यले प्रदेशभर शान्ति सुरक्षा मजबुत बनाउने कुरा आफु प्रतिवद्ध रहेको बताएकी छन् ।

बिहीबार सञ्चारकर्मीहरुसँग अन्तरक्रिया गर्दै उनले प्रदेश मतहतका जिल्लाको शान्ति सुरक्षा कायम गर्न आफू प्रतिवद्ध रहेको बताएकी हुन् । बज्राचार्यले लागूऔषधको बढ्दो प्रयोगप्रति चिन्ता व्यक्त गरिन् ।

लागूऔषधको विक्रीवितरण, उत्पादन र सेवनको अवस्था विकराल बन्दै गएको भन्दै उनले चिन्ता व्यक्त गरेकी हुन् । 'लागूऔषध ओसारपसार र प्रयोगको हिसावले मकवानपुर देशमै कहलिएको नाम हो । हामी सवै मिलेर यो समस्यालाई न्यूनीकरण गर्न जरुरी रहेको छ । त्यसका लागि स्थानीय तह र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्न हामी तयार छौं ।', उनले भनिन् । उनले भारतबाट लागूऔषध भित्रिने दर बढिरहेको र गाउँगाउँमा गाँजाको र अफिम उत्पादन पनि बढेकोभन्दै यसलाई रोक्न जरुरी रहेको बताइन् ।

उनले अपराधको स्वरुप बढिरहेको भन्दै प्रहरीको क्षमता वृद्धि गर्न जरुरी रहेको औंल्याइन् । बज्रचार्यले बढ्दो सामाजिक अपराध, लागूऔषध कारोबार, अवैध हातहतियारको प्रयोग, बलात्कार, विपद व्यवस्थापन, घरेलु हिंसा जस्ता कार्यको नियन्त्रणमा सग्रज संचारजगतको पनि आवश्यकता र समन्वय रहने हुदा यसको नियन्त्रणमा राज्यको चौथो अंगको रुपमा रहेको संचारजगतको पनि भुमिका रहने बताइन् ।

उनले जिल्ला भ्रमणका क्रममा हत्या, बलात्कार र आत्महत्याको घटना बढेको पाइएकोले त्यसको न्यूनीकरणका लागि स्थानीय नागरिकसँग छलफल समेत गरेको बताइन् ।

कार्यक्रममा बोल्दै प्रदेश प्रहरी प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक दिपक रेग्मीले बागमती प्रदेश प्रहरी कार्यालयले गत आर्थिक बर्षको घटनाको अवस्थाका, अपराध नियन्त्रण, भन्सार छलेर ल्याएका सामान नियन्त्रणा लिएको, सवारी दुर्घटना, हत्या अपराध, बलात्कारका घटना, जजक, सामुदायिक प्रहरी साझेदारी कार्यक्रमका बारेमा पत्रकारलाई जानकारी गराएका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष रुपेश दुलाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका निवर्तमान अध्यक्ष प्रताप बिष्ट, पत्रकार महासंघ बागमती सदस्य सुदिप शिवाकोटी, पत्रकार महासंघ मकवानपुर अध्यक्ष मणिराज गौतम, पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष हरि हुमागाई, बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक मधु कुमार थापा तथा मकवानपुरको सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।



भैसे-भीमफेदी सडकखण्डअन्तर्गत् कुलेखानी विद्युत गृह र कार्यालय नजिक सडक फराकिलो पार्न काम गरिरहेको एक्साभेटर । भीमफेदी नजिकैको फलामे पुलमा एक्साभेटरले माटो खोलामै झार्दा जोखिम बढेको छ । वर्षात्को समयमा खोलामै माटो झार्दा पानी थुनिएर पुललाई समस्या पर्नसक्ने र स्थानीय बालबालिका पानीमा पौडिन जाने भएकाले सम्भावित खतरा हटाउनका लागि माटो पन्छाउन भीमफेदी-६ का वडा अध्यक्ष सोमबहादुर घलानले निर्माण कम्पनीलाई आग्रह गरेका थिए । प्रदेश सरकारद्वारा उक्त सडक खण्ड १० किलोमिटर फराकिलो पार्ने काम भइरहेको छ । कतिपय स्थानमा कटिङका काम सकिएका छन् । -तस्बिर: साझाकुरा

# ८० हजारले लिए आँखा अस्पतालबाट सेवा



साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ हेटौंडा आँखा अस्पतालमा सन् २०२१/२२ मा ८० हजार जनाले सेवा लिएको अस्पतालले जनाएको छ ।

अस्पतालका वरिष्ठ प्रशासकीय अधिकृत सुधिर श्रेष्ठको अनुसार सन् २०२१/२२ मा अस्पतालबाट ८० हजार जनाले सेवा लिएका हुन् । उनको अनुसार जिल्ला भित्रका सहित, बारा, पर्सा, रौतहट लगाएत अन्य जिल्ला र भारतबाट पनि आँखा उपचारको लागि अस्पताल आउने गरेका छन् । अस्पतालमा आँखा उपचार गर्न आउनेहरुको समस्या हेरेर अस्पतालमै आँखाको समस्याको समाधान हुने गरेको र गम्भीर समस्या भएकाहरुलाई तिलगंगा आँखा अस्पताल पठाउन गरिएको श्रेष्ठले बताए । उनले अस्पतालमा हरेक वर्ष ५ हजार जनाको आँखाको शल्यक्रिया हुने गरेको समेत बताए ।

अस्पतालले आँखा परीक्षणसंगै हरेक वर्ष जिल्लाको स्थानीयहरुमा नि:शुल्क आँखा शिविर,जनचेतना कार्यक्रम अन्तर्गत आँखा स्वास्थ्य सम्बन्धी तालिम, अन्तरक्रिया गर्ने गरेको उनले बताए । अस्पतालमा सबै उमेर समूहका मानिसहरु विभिन्न समस्याहरु लिएर उपचार गर्न आउन्हेरमा वृद्धवृद्धाहरु भने मोतिविन्दुको समस्या लिएर आउने गरेको अधिकृत श्रेष्ठको भनाइ छ । श्रेष्ठको अनुसार हेटौंडा आँखा अस्पतालले जिल्लाको तीन स्थानीय तहमा शाखा विस्तार गरेको छ ।

पछिल्लो वर्षहरुमा आँखाका बिरामीहरुको चाप बढ्नुको साथै आँखाको उपचारको लागि हेटौंडामै आउनुपर्ने बाध्यता भएपछि अस्पतालले स्थानीय तहको सहकार्यमा शाखा विस्तार गरेको हो । अस्पतालले जिल्लाको थाहा नगरपालिका, मनहरी र बागमती गाउँपालिकासंगको सहकार्यमा स्थानीय तहमै नियमित आँखा परीक्षण गरिरहेको छ ।

अधिकृत श्रेष्ठका अनुसार अस्पतालले जिल्लाको अन्य स्थानीय तहहरुमा पनि सहकार्य गरेर स्थानीय तहमै आँखा परीक्षण गर्ने तयारी गरिरहेको छ । २०६५ साल ५ मंसिरबाट सेवा सुरु गरेको अस्पतालमा हाल तीन जना नेत्र विशषज्ञ सहित ५२ जना कार्यरत रहेका छन् ।


## सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरि तारबार गरौं ।
- इन्टेक (मुल) प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने ट्यांकी नियमित रुपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलमा पानी ट्यांकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भर्ना खुल्यो ! भर्ना खुल्यो !!
## H.A कार्यक्रम

**फारम बुझाने अन्तिम मिति**:
२०७९ साउन २६ गते बिहीबार बेलुका ४:३० बजे सम्म
**प्रवेश परीक्षा मिति**: २०७९ भाद्र ०४ गते विहान ११ बजे
फारम शुल्क रु १५००/-
**आवश्यक न्यूनतम शैक्षिक योग्यता**:
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SLC/SEE) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम 'C' ग्रेड प्राप्त गरी समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त गरेको हुनुपर्नेछ ।
**नोट**:
सामुदायिक, विद्यालय अध्ययन गरेको एकल महिला, दलित, आदिबासी/जनजाती मुस्लिम, मधेसी, पिछडिएको दुर्गम वर्गमा पर्ने विद्यार्थीहरुले सोको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ९८४५०२९८१०

## मकवानपुर बहुमुखी क्याम्पसमा
## कक्षा ११ मा भर्ना खुल्यो

समुदायको व्यवस्थापनमा सञ्चालित उत्कृष्ट शैक्षिक गन्तव्य गुणस्तरीय क्याम्पसको रुपमा प्रमाणित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो । यथाशिघ्र भर्ना भई उपयुक्त विषयको अध्ययन गरी सुन्दर भविष्य निर्माणमा अग्रसर हुन सम्पूर्ण विद्यार्थीमा अनुरोध गरिन्छ । फारम वितरण भइरहेको छ । कक्षा सञ्चालन भदौ ५ गते आइतबारदेखि हुने जानकारी गराइन्छ ।

**बिहानी समूह**: व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र
**दिवा समूह**: विज्ञान, व्यवस्थापन



**विज्ञान संकायको प्रवेश परीक्षा साउन २४ गते दिनको १ बजे हुनेछ ।**

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

## HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

## विक्की फ्रेस मिट शप
हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना